**निर्णय नं. ८**

प्रस्ताव नं. ८ मा छलफल गर्दा वर्षातको समयमा क्षतविक्षत भएका यस बनगाड कुपिण्डे नगरपालिका अन्तर्गतका ग्रामिण सडकहरुलाई आगामी वडादशैं सम्ममा मर्मत सुधार गरि सुचारु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ मा छलफल गर्दा मिति २०७४ श्रावण २९, ३० र ३१ गते परेको अविरल वर्षाको कारण यस नगरपालिका अन्तर्गतका स्थानहरुमा बाढी पहिरोबाट भएको क्षति एकिन गरि उक्त स्थानहरुमा बाढी पहिरो रोकथामका लागि वडा कार्यालयको सिफारिसका आधारमा यस नगरपालिका स्थित विपद व्यवस्थापन समितिको निर्णयको आधारमा उक्त स्थानहरुमा तारजाली खरिद गरी बाढी पहिरो रोकथामको व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० मा छलफल गर्दा यस बनगाड कुपिण्डे नगरपालिकामा कार्यरत कर्मचारीहरुले सार्वजनिक बिदाको समय र कार्यालय समयको अघिपछि समेत खटिएर काम गरिरहेको अवस्थामा कर्मचारीको कार्यबोझलाई मध्यनजर गर्दै कर्मचारीहरुले खाइपाइ आएको सुरु तलब स्केलको ५०(पचास) प्रतिशतका दरले मासिक रुपमा प्रोत्साहन भत्ता स्वरुप उपलब्ध गराउने र सेवाग्राहीको चापलाई मध्यनजर गरि कार्यालयको दैनिक कामकाज बिहान ९ बजेदेखि गराउनका लागि निर्देशन दिने निर्णय गरियो । साथै उक्त निर्णय २०७४ आश्विन १ देखि लागू हुने गरि व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गत वडा नं. ९, वडा केन्द्र रहेको स्थानमा शान्ति सुरक्षाको संवेदनशीलतालाई मध्यनजर गर्दै उक्त स्थानमा प्रहरी चौकी स्थापनाको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ मा छलफल गर्दा कृषि विकास र पशुसेवा कार्यालय अन्तर्गतका करारमा खटिएका कर्मचारीहरुलाई सशर्त बजेटमा उल्लेख भए अनुसार नगरपालिकाबाट करार सम्झौता गरि कामकाज गराउने व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ मा छलफल गर्दा रुपान्तरण नामक संस्थाले पेश गरेको कार्यक्रमलाई स्वीकृति गर्ने निर्णय गरियो ।